जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुकिएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक १९५ • २०८३ बैशाख २३ गते बुधवार • 6 May 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

## सत्ता समीकरणको चलखेल बीच तत्काल सरकार परिवर्तन नहुने

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २२ बैशाख




मधेश प्रदेशको राजनीतिमा पछिल्लो समय तीव्र रूपमा देखिएको सत्ता समीकरणको चलखेलबीच तत्काल सरकार परिवर्तन नहुने भएको छ । बजेट निर्माणको संवेदनशील समय, मन्त्रालयहरूको भर्खरै सुरु भएको कार्य सञ्चालनका कारण नयाँ सरकार गठनको प्रक्रिया तत्काल अघि नबढ्ने स्रोतले जनाएको छ ।

सत्ता साझेदार दल जनमत पार्टीले कांग्रेस नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि प्रदेश राजनीतिमा नयाँ गठबन्धनको चर्चा चुलिएको थियो । जनता समाजवादी पार्टी (जसपा) नेपाल, नेकपा एमाले र जनमत पार्टीबीच नयाँ समीकरण बन्ने बताइए पनि व्यवहारमा भने अझै स्पष्टता आउन सकेको छैन ।

राजनीतिक स्रोतका अनुसार यतिबेला प्रदेश सरकार परिवर्तनभन्दा पनि बजेट निर्माणलाई प्राथमिकतामा राख्ने सहमति अनौपचारिक रूपमा बन्दै गएको छ । 'अहिले बजेटको समय हो, मन्त्रालयहरूको काम भर्खरै व्यवस्थित हुँदैछ, यस्तो अवस्थामा सरकार परिवर्तनले प्रशासनिक कामकाज प्रभावित हुन सक्छ,' एक उच्च राजनीतिक स्रोतले भन्यो, 'त्यसैले केही समय यथास्थितिमा जाने सम्भावना बढी देखिन्छ ।'

मधेश प्रदेशसभाको अंकगणित अनुसार जसपा नेपाल (२६), एमाले (२४) र जनमत पार्टी (१२) मिल्दा सहज बहुमत पुग्ने अवस्था भए पनि जसपा एमालेसँग नमिल्ने भएकोले समीकरण निर्माण नहुने भएको छ । जनमत पार्टीका प्रमुख सचेतक चन्दनकुमार सिंहले १० सांसदको हस्ताक्षरसहित सरकारबाट समर्थन फिर्ता लिएको पत्र प्रदेश प्रमुख कार्यालयमा बुझाएका छन् । तर, अर्कोतर्फ नेता महेशप्रसाद यादवले सरकारलाई समर्थन कायम रहेको दाबी गर्दै छुट्टै पत्र बुझाए । पार्टी अध्यक्ष डा. सीके राउतले भने संसदीय दलको बैठकबाट सरकारबाट बाहिरिने निर्णय भइसकेको दाबी गरे ।

उनले चन्दनकुमार सिंहलाई संसदीय दलको नेता तोकिएको घोषणा पनि गरिसकेका छन् । यसअघि संसदीय दलको नेतृत्व गरिरहेका महेश यादव

बांकी पृष्ठ २ मा ।

## बलवा नगरपालिकाको दुई वडामा दादुरा रोगको सङ्क्रमित फेला



जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २२ बैशाख

बलवा नगरपालिकाको दुई वडामा दादुरा रोगको सङ्क्रमित फेला परेका छन्। बलवा-९ ध्रुवकुण्ड र बलवा -८ संरचियामा संक्रमण फेला परेको स्वास्थ्य कार्यालयले जनाएको छ ।

कार्यालयका खोप फोकल पर्सन रामबाबु यादवले ध्रुवकुण्ड र संरचिया गाउँमा गत साता दादुरा संक्रमित फेला जानकारी दिए । दुवै बस्तीका बालबालिका ज्वरो आएर धमौरामा अवस्थित स्वास्थ्य चौकीमा जाँचका क्रममा सो रोग पुष्टि भएको हो । स्वास्थ्य चौकीका इञ्चार्ज सिअहेव सञ्जयकुमार साहले ती बालबालिकाहरूमा लक्षण देखेपछि तत्कालै स्वास्थ्य कार्यालयमा जानकारी गराएका थिए । बालबालिकाहरूको सेरम (दादुरा जाँचको लागि आवश्यक पर्ने रगत) परीक्षणको लागि जनकपुरस्थित प्रयोगशालामा पठाइएको थियो ।

सेरम जाँचपछि ती सबै बालबालिकामा पोजेटिभ चिह्न अर्थात् दादुरा रहेको पुष्टि भएको फोकल पर्सन यादवले बताए। दादुरा भएको पुष्टि भएसँगै यही वैशाख १५ गते बलवा नगरपालिकाको सङ्क्रमित बस्तीमा विश्व स्वास्थ्य संगठन धनुषा शाखा, मधेस प्रदेश स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालय

बांकी पृष्ठ २ मा ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme



33 Years of Academic Excellence

GYAN GANGA
INTERNATIONAL PUBLIC SCHOOL
JANAKPURDHAM-4, MURALI CHOWK
WELCOME TO OUR SCHOOL
A Better Future Starts Here!







OUR SERVICES
EXPERIENCED & QUALIFIED TEACHERS
SMART & DIGITAL CLASSES
COMPUTER & SCIENCE LAB
TRANSPORT & HOSTEL FACILITY
EXTRA ACTIVITIES & SPOKEN ENGLISH
CALL US
9828414721 | 9815830601
VISIT OUR WEBSITE
www.gyangangaschool.edu.np

सडक सुरक्षा

मोबाइलमा होइन सडकमा हेरौं, जीवन लिने दुर्घटना टारौं ।
सबैले सावधानी अपनाऔं, लापरबाही गरी ज्यानलाई जोखिममा नपारौं ।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रवृत्तिको कुरा
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय...................

# परिणाममुखी शासन हुन जरुरी

वर्तमान अवस्थाबाट बाहिर निस्कन कम्युनिस्ट आन्दोलनले केही आधारभूत प्रश्नहरूको सामना गर्नुपर्ने देखिन्छ। के आन्दोलन अझै वर्गीय राजनीतिमा केन्द्रित छ ? कि केवल सत्तामा सीमित छ ? के संगठनभित्र वास्तविक लोकतन्त्र छ ? के नेतृत्व परिवर्तन र पुस्तान्तरण सम्भव छ ? के जनजीविकाका मुद्दामा ठोस कार्यक्रम छ ? पुनरुत्थानका लागि आवश्यक छ- सैद्धान्तिक स्पष्टता, संगठनात्मक अनुशासन, आन्तरिक लोकतन्त्र र जनतासँग प्रत्यक्ष सम्बन्ध। यसले मात्र आन्दोलनलाई पुनः विश्वसनीय बनाउन सक्ने देखिन्छ। निचोडमा, नेपाली कम्युनिस्ट आन्दोलनको पछिल्लो दुरावस्था कुनै एक घटना वा व्यक्तिको परिणाम होइन। यो दीर्घकालीन प्रवृत्तिहरूको सञ्चित परिणाम रहेको देखिन्छ। २०७४ सालको जनादेशले दिएको अवसर, २०७५ को एकताले सिर्जना गरेको सम्भावना र त्यसपछिका विभाजन तथा अस्थिरताले उत्पन्न गरेको निराशा यी सबै एकअर्कासँग जोडिएको छ। वस्तुनिष्ठ रूपमा हेर्दा, मुख्य समस्या सत्ताकेन्द्रित, वैचारिक अस्पष्टता र संगठनात्मक कमजोरी रहेको देखिन्छ। जबसम्म यी आधारभूत समस्याहरू समाधान हुँदैन, कुनै पनि चुनावी सफलता वा गठबन्धनले दीर्घकालीन परिवर्तन ल्याउन सक्दैन।

अन्तत : कम्युनिस्ट आन्दोलनको भविष्य यसले आफ्ना सिद्धान्त र व्यवहार बीचको दूरी कति घटाउन सक्छ भन्ने कुरामा निर्भर हुने देखिन्छ। जनताको विश्वास पुनः प्राप्त गर्ने एक मात्र उपाय भनेको स्पष्ट विचार, जिम्मेवार व्यवहार र परिणाममुखी शासन नै रहेको देखिन्छ।

# व्यवस्थित तरकारी बजार सञ्चालनका लागि आवश्यक तयारी तीव्र



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २२ बैशाख**

जनकपुरधाम उपमहानगरपालिकाले वडा नं.- १ मा व्यवस्थित तरकारी बजार सञ्चालनका लागि आवश्यक तयारीलाई तीव्रता दिएको छ। अव्यवस्थित रुपमा सडक किनारमा भइरहेको तरकारी बिक्रीलाई व्यवस्थापन गरी सुरक्षित, स्वच्छ र सहज बजार वातावरण निर्माण गर्ने उद्देश्य सहित काम अगाडि बढाइएको हो।

उपमहानगरपालिकाका नगर प्रमुख मनोजकुमार साहले बजार व्यवस्थापन नगरको प्राथमिकतामा रहेको बताउँदै यसले स्थानीय किसान, व्यवसायी तथा उपभोक्ता सबैलाई प्रत्यक्ष लाभ पुऱ्याउने विश्वास व्यक्त गरे। उनले व्यवस्थित बजारले यातायात व्यवस्थापनमा सहजता ल्याउनुका साथै शहरको सौन्दर्यसमेत अभिवृद्धि गर्ने बताए। प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइँटेलले बजार व्यवस्थापनका लागि प्रशासनको पूर्ण साथ रहने उल्लेख गर्दै कानुनी मापदण्डअनुसार काम अगाडि बढाउन जोड दिए। उनले सबै सरोकारवालाबीच समन्वय आवश्यक रहेको औंल्याए।

वडा नं.-१ का वडा अध्यक्ष दीप नारायण यादवले स्थानीयस्तरमा देखिएका समस्या समाधान गर्दै बजार व्यवस्थापनलाई सफल बनाउन आफूहरू प्रतिबद्ध रहेको बताए। उनले व्यवसायीहरूलाई निश्चित स्थानमा व्यवस्थित रूपमा व्यापार गर्न आग्रह गरे।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक गणेश बहादुर बमले बजार व्यवस्थापनमा सुरक्षा निकायले आवश्यक सहयोग गर्ने जानकारी दिए। उनले सडक अतिक्रमण हटाउने, ट्राफिक व्यवस्थापन मिलाउने तथा शान्ति सुरक्षा कायम राख्न प्रहरी सक्रिय रहने बताए। उपमहानगरपालिकाले सरोकारवालाहरूको सहकार्यमा छिट्टै व्यवस्थित तरकारी बजार सञ्चालनमा ल्याउने लक्ष्य लिएको जनाएको छ।

# महोत्तरीमा विद्यार्थी भर्ना अभियान तीव्र



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २२ बैशाख**

नयाँ शैक्षिक सत्र प्रारम्भ भएसँगै महोत्तरी जिल्लामा विद्यार्थी भर्ना अभियानलाई तीव्रता दिइएको छ। जिल्लाका १५ वटै स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरूले भर्ना अभियानलाई सक्रिय रूपमा अघि बढाएका छन्। यसैक्रममा औरही नगरपालिकाभित्रका विद्यालयहरूमा पनि भर्नासँगै पाठ्यपुस्तक वितरण कार्य सुरु गरिएको छ। नगरपालिकाभित्र १६ वटा सामुदायिक विद्यालय रहेका छन्, जसमध्ये ४ वटा माध्यमिक र १२ वटा आधारभूत विद्यालय सञ्चालनमा रहेका छन्। ती विद्यालयहरूले विद्यार्थी भर्ना भएकै दिन पाठ्यपुस्तक हस्तान्तरण गर्ने व्यवस्था मिलाएका छन्। विगतका वर्षहरूमा वैशाख २ गतेदेखि सुरु हुने भर्ना अभियान यस वर्ष भने सरकारी निर्णयअनुसार वैशाख १५ गतेदेखि सञ्चालन गरिएको हो।

श्री जनता आधारभूत विद्यालय, औरहीका प्राध्यापक पच्चु महराका अनुसार भर्नासँगै विद्यार्थीले हातहातमै पाठ्यपुस्तक प्राप्त गर्दा उनीहरूको सिकाइ क्षमता अभिवृद्धि हुने अपेक्षा गरिएको छ। समयमै पाठ्यपुस्तक उपलब्ध हुँदा शैक्षिक गुणस्तरमा सकारात्मक सुधार आउने उहाँले बताउनुभयो। कक्षा ६ मा अध्ययनरत विद्यार्थी पूजा कुमारी साहले भर्नासँगै पाठ्यपुस्तक प्राप्त हुँदा अध्ययनमा सहजता भएको अनुभव सुनाउँदै विगतमा समयमै पुस्तक नपाउँदा अध्ययनमा कठिनाइ हुने गरेको स्मरण गरिन्। त्यस्तै, विद्यार्थी अंश कुमार मण्डलले समयमै पाठ्यपुस्तक उपलब्ध हुँदा अध्ययनप्रति आकर्षण बढ्ने र सिकाइलाई निरन्तरता दिन सहज हुने बताए। यसैबीच, औरही नगरपालिकाका नगर प्रमुख प्रदीप कुमार खड्काले नगरपालिकाले शिक्षा क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको उल्लेख गर्दै भर्ना अभियानलाई सफल बनाउन सबै सरोकारवालाको सक्रिय सहभागिता आवश्यक रहेको बताउनुभएको छ। उहाँका अनुसार नगरभित्रका सामुदायिक विद्यालयहरूमा समयमै पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था मिलाइएकोले विद्यार्थीको सिकाइ प्रक्रिया सहज हुनुका साथै शैक्षिक गुणस्तरमा सुधार आउने विश्वास गरिएको छ।

## बलवा नगरपालिकाको दुई.....................

महोत्तरी, युनिसेफ र बलवा नगरपालिकाको स्वास्थ्य टोलीले संयुक्त रूपमा पुगेर घरघरमा जाँच गरेको छ। यसमा थप बालबालिकामा दादुरा फेला नपरेको फोकल पर्सन यादवले बताए। संक्रमित बालबालिकाहरूमा दादुरा नियन्त्रणका लक्षणमा आधारित उपचार गरिएको छ। बलवा नगरपालिकाले नगर क्षेत्रका कुनै पनि खोप छुटेका बालबालिकाहरूका लागि यही वैशाख २८, २९ र ३० गते खोप सेवा सञ्चालन गर्ने निर्णय गरेको छ।

## सत्ता समीकरणको चलखेलबीच...............

अहिले पनि प्रदेश सरकारमा अर्थमन्त्रीको जिम्मेवारीमा छन्। यता, जसपा नेपालले भने सरकार परिवर्तनको सम्भावनालाई पूर्ण रूपमा नकारेको छ। पार्टीका एक नेताले अहिले सरकार परिवर्तनको हल्ला निराधार रहेको दाबी गरेका छन्। नेकपा एमाले सत्ता परिवर्तनको खेलमा सहभागी हुन तयार देखिए पनि जसपाले उसलाई साथ नदिने पक्का रहेको उनको भनाइ छ। यी सबै राजनीतिक गतिविधिका बाबजुद तत्काल सरकार परिवर्तन हुने सम्भावना न्यून रहेको बताइन्छ। प्रदेश सरकार अहिले आगामी आर्थिक वर्षको बजेट तयारीमा जुटेको छ। बजेट प्रस्तुतिको संवैधानिक समयसीमा नजिकिँदै गर्दा सरकार परिवर्तनले वित्तीय व्यवस्थापनमा समस्या ल्याउन सक्ने चिन्ता छ।

## तपाईको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने
वृष: पढाईमा ध्यान दिनुपर्ने
मिथून: लामो यात्राको योग छ
कर्कट: पिछडेको साथी मिल्न
सिंह: अनावश्यक चिन्ता
कन्या: विचार गरेर बोल्नुहोला
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: मनमा पछुतो आउने
धनु: मित्रतामा फाटो आउने
मकर: खानपानमा समस्या आउने
कूम्भ: अनावश्यक खर्चको संभावना
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव



श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# बंगालमा भाजपाको छलाङ, दश वर्षमा तीन सिटबाट बढेर २०६ मा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २२ बैशाख**



भारतका पाँच राज्यमा विधानसभा चुनावको नतिजा घोषणा गरिएको छ । पश्चिम बंगाल, तमिलनाडु र केरलमा सरकार परिवर्तन भएको छ । आसाम र पुडुचेरीमा भारतीय जनता पार्टी भाजपा नेतृत्वको गठबन्धन एनडीए सत्तामा फर्किएको छ । तृणमूललाई रुरुपराजित गर्दै भाजपा बंगालमा पहिलो पटक सत्तामा आएको हो । दश वर्षमा पार्टी ३ सिटबाट बढेर २०६ सिट पुगेको छ। तमिलनाडुमा अभिनेता थलापती विजयको पार्टी टिभीकेले सबैभन्दा धेरै सिट जितेर सबैलाई चकित पारेको छ ।

५९ वर्षमा पहिलो पटक राज्यमा डीएमके वा एआईएडीएमके बिना सरकार गठन हुनेछ । दुई मुख्यमन्त्रीहरू ममता बनर्जी र एमके स्टालिनले चुनाव हारेका छन् । १५ वर्षपछि बंगालमा ममता बनर्जीको शासन समाप्त भएको छ। भाजपाको भोट शेयर ७.५ प्रतिशतले बढेको छ । महिलाले जिम्मेवारी लिन सक्छिन्ः भाजपाले बंगालमा उम्मेदवार बिना नै चुनाव लडेको थियो, त्यसैले अब ठूलो प्रश्न यो हो कि मुख्यमन्त्री को बन्छ । सम्भावित उम्मेदवारहरूमध्ये शुभेन्दु अधिकारी, सुकान्त मजुमदार, दिलीप घोष र समिक भट्टाचार्य अग्रपंक्तिमा छन् । पार्टीले महिला उम्मेदवार पनि खडा गर्न सक्छ ।

भाजपाको ७० प्रतिशत स्ट्राइक रेटः भाजपाले २९३ सिटमध्ये २०६ सिट जितेर बंगालमा लगभग ७० प्रतिशत स्ट्राइक रेट हासिल गर्यो । यसैबीच तृणमूलले लगभग २७.६ प्रतिशत स्ट्राइक रेटका साथ ८१ सिटमा झर्यो । ममता बनर्जीसहित १२ मन्त्रीहरूले चुनाव हारे ।

ममता बनर्जीले गृह मन्त्रालय सहित सात महत्वपूर्ण मन्त्रालयको जिम्मेवारी सम्हालेकी थिइन्। महिला तथा बाल कल्याण मन्त्री शशी पञ्जा, उदयन गुहा, ब्रात्य बसु, चन्द्रिमा भट्टाचार्य, सुजित बसु, सिद्दिकुल्लाह चौधरी, रथिन घोष, बेचरम मन्ना, वीरबाहा हांसदा र मोलोय घटक सबैले हारको सामना गर्नुपर्‍यो ।

# ४२ वर्ष पुरानो मित्र गुमाउँदा भावुक बने सलमान

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २२ बैशाख**



बलिउड सुपरस्टार सलमान खान आफ्ना अत्यन्तै नजिकका साथी सुशील कुमारको निधनले स्तब्ध बनेका छन् । विगत ४२ वर्षदेखिको मित्रता टुटेपछि सलमानले सामाजिक सञ्जालमा एक भावुक सन्देश लेख्दै सुशील आफ्ना लागि साथी मात्र नभएर भाइ जस्तै रहेको उल्लेख गरेका छन् । सलमानले आफ्ना पिता सलीम खान र सुशीलसँगका पुराना यादहरू ताजा गर्दै केही तस्बिरहरू समेत साझा गरेका छन्। सलमानका अनुसार सुशील एक अत्यन्तै दयालु र सहयोगी स्वभावका व्यक्ति थिए ।

सुशीलको सकारात्मक सोचको प्रशंसा गर्दै सलमानले उनलाई एक वास्तविक योद्धाको संज्ञा दिएका छन्। आर्थिक अभाव, भावनात्मक पीडा वा शारीरिक रोग, जस्तोसुकै कठिन परिस्थितिमा पनि सुशीलको अनुहारबाट मुस्कान कहिल्यै नघट्ने गरेको सलमानले बताएका छन् । सलमानले सुशीलको थेगोलाई सम्झँदै लेखेका छन्, ‘उनले सधैं एउटै कुरा भन्थे- की फरक नई पैंदा, सब ठीक होगा (केही फरक पर्दैन, सबै ठिक हुनेछ)।’ मृत्युसँग हेभिवेट च्याम्पियनले जस्तै वीरतापूर्वक लडेका सुशीलको बिदाइमा आफ्नो आँखामा आँसु नभई उनीसँगका हासो र सम्झनाहरू मात्र बाँकी रहेको सलमानले उल्लेख गरेका छन् । आफ्नो पोस्टमा जीवनको दर्शनबारे चर्चा गर्दै सलमानले हामी सबै एक न एक दिन जानैपर्ने र कोही ढिलो त कोही चाँडो मात्र जाने यथार्थ व्यक्त गरेका छन् ।

उनले सुशीललाई धेरै मिस गर्ने बताउँदै यो खबर सुनेपछि सुरुमा रिस र रोदन आए पनि आफूले आफैँलाई सम्हालेको स्वीकारेका छन् ।

# निर्माण उद्योग इतिहासकै कठिन मोडमा, व्यवसायीले दिए आन्दोलनको चेतावनी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २२ बैशाख**




नेपाल निर्माण व्यवसायी महासङ्घले निर्माण उद्योगको इतिहासमै हाल निर्माण व्यवसायीहरू सबैभन्दा कठिन मोडमा पुगेको जनाएको छ । महासङ्घले मंगलबार पत्रकार सम्मेलन गर्दै राज्यको कमजोर पुँजीगत खर्च, निर्माण सामग्रीमा भएको तीव्र मूल्यवृद्धि र नीतिगत अन्योलका कारण मुलुकभरका अधिकांश आयोजनाहरू ठप्प प्रायः भएको उल्लेख गरेको छ ।

महासङ्घका अनुसार सात प्रदेश र ७७ जिल्ला सङ्घसहित करिब ३२ हजारभन्दा बढी निर्माण व्यवसायीहरू आबद्ध रहेको यस क्षेत्र अहिले गम्भीर आर्थिक दबाबमा छ। चालु आर्थिक वर्ष २०८२/८३ मा विनियोजित पुँजीगत बजेटमध्ये हालसम्म करिब २७ प्रतिशत मात्र खर्च हुनुले पूर्वाधार विकासमा प्रत्यक्ष र गम्भीर असर परेको महासङ्घको दाबी छ । महासङ्घका अध्यक्ष निकोलस पाण्डेले मध्यपूर्वमा जारी युद्धका कारण डिजेल, मट्टितेल लगायतका इन्धन तथा बिटुमिन, सिमेन्ट र डण्डीजस्ता निर्माण सामग्रीको मूल्यमा असामान्य वृद्धि भएको बताउनुभएको छ । गत फेब्रुअरी १५ मा प्रतिलिटर १३९ रुपैयाँ रहेको डिजेलको मूल्य बढेर २२५ रुपैयाँ पुगेको र बिटुमिनको मूल्य प्रतिकेजी ७५ रुपैयाँबाट १५५ रुपैयाँ पुगेकाले निर्माण लागत अत्यधिक बढेको उनको भनाइ छ । यसले गर्दा व्यवसायीहरू ‘फोर्स माज्युर’ को अवस्था सामना गर्न बाध्य भएको तर मूल्य समायोजनका लागि सरकारबाट प्रभावकारी निर्णय नभएको गुनासो महासङ्घले गरेको छ । मूल्य समायोजनको व्यवस्था प्रभावकारी नभएको र नेपाल राष्ट्र बैंकको सूचकांकले वास्तविक बजार मूल्य नसमेट्दा व्यवसायीहरू थप मारमा परेका छन् ।

# गुल्सनको ५ विकेट मद्दतमा ओमानमाथि नेपालको शानदार जित

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २२ बैशाख**



आसिफ शेखको ९४ रन र गुल्सन झाको उत्कृष्ट बलिङ प्रदर्शनमा नेपालले आईसीसी क्रिकेट विश्वकप लिग टु अन्तर्गत काठमाडौंमा भइरहेको सिरिजको अन्तिम खेलमा ओमानलाई ८१ रनले पराजित गरेको छ । गुल्सनले ५ विकेट लिएपछि कीर्तिपुरस्थित टीयू अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा नेपालले दिएको २५७ रनको लक्ष्य पछ्याएको ओमान ३९.५ ओभरमा १७५ रनमै अलआउट भयो ।

त्यसअघि शेख दाजुभाई आसिफ र आरिफ ब्याटिङमा चम्किँदा टस जितेर पहिले ब्याटिङ गरेको नेपालले ४९.५ ओभरमा सबै विकेट गुमाएर २५६ रन बनाएको थियो । यस सिरिजमा नेपालले चार मध्ये ३ खेल जित्दै ६ अंक जोड्न सफल भयो । २४ खेलबाट १८ अंक जोडेको नेपाल ८ टोली सहभागि लिग टु मा सातौं स्थानमै यथावत छ ।

यस सिरिजमा नेपालले यसअघि युएईलाई ३६ रन र ६ रनले पराजित गरेको थियो भने ओमानसँग १०२ रनले पराजित भएको थियो । आजको जितपछि नेपालले ओमान विरुद्ध अघिल्लो हारको बदला समेत लिएको छ । अब नेपालले अमेरिका र स्कटल्यान्ड सम्मिलिति लिग टु को अर्को शृंखला यही वैशाख २९ गतेदेखि घरेलु मैदानमै खेल्नेछ । गुल्सनको बलिङमा झुम्यो ओमान नेपालले दिएको मध्यम लक्ष्य पछ्याएको ओमानका लागि आज नेपालका गुल्सन झा घातक सावित भए । उनले ५ विकेट लिएपछि ओमानले ४० ओभर पनि पूरा ब्याटिङ गर्न सकेन । ओमानका लागि विकेटकिपर विनायक शुक्लाले ४१ बल खेल्दै ३ चौका र २ छक्का मदतमा सर्वाधिक ३६ रन बनाए ।

यस्तै हम्मद मिर्जाले ३४, हसनैन वाहावले २९ रन बनाए । अघल्लो खेलमा नेपाल विरुद्ध शतक बनाएका कप्तान जतिन्दर सिंह १२ र वासिम अली १० रनमा आउट भए ।

# संवैधानिक परिषद् भागबण्डा र सत्ताको हिस्सेदारीको अखडा बन्नु हुँदैन-केसी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २२ बैशाख**



नेपाली कांग्रेसका नेता अर्जुननरसिंह केसीले संवैधानिक परिषद् भागबण्डा र सत्ताको हिस्सेदारीको अखडा बन्नु नहुनेमा जोड दिएका छन् ।

सामाजिक सञ्जालमा लेख्दै उनले व्यवहारमा यो परिषद् भागबन्डा परिषद् नै बनेको भन्दै दुःखसमेत व्यक्त गरेका छन् । उनले लेखेका छन्, 'नेपालको संविधानले निर्दिष्ट गरेको राज्य पद्धति विश्वव्यापी लोकतान्त्रिक मूल्य र आदर्शमा आधारित बहुदलीय प्रणाली हो, जसमा हरेक निर्णय प्रक्रिया बहुमत (५०+१) मा आधारित छ । तर संवैधानिक परिषद्को परिकल्पना त झन अझ फरक छ । २०४७ सालको संविधान, २०६३ को अन्तरिम संविधान र वर्तमान नेपाल को संविधानले संवैधानिक परिषद्को मूल मर्म सर्वसम्मतिलाई नै बनाएको हो। यो परिषद् भागबण्डा र सत्ताको हिस्सेदारीको अखडा बन्नु हुँदैन भन्ने स्पष्ट भावना हो। तर दुखद् कुरा, व्यवहारमा यो परिषद् भागबन्डा परिषद् नै बन्यो ।' कांग्रेस सांसदसमेत रहेका नेता केसीले अब यसलाई बहुमतीय निर्णय प्रक्रियालाई पनि जबर्जस्ती पन्छाएर ५० प्रतिशत +१ वा बराबर मत आएमा निर्णायक मताधिकार प्राप्त प्रधानमन्त्रीले कास्टिङ भोट प्रयोग गर्ने प्रचलन विपरीत निर्णायक मत दिनेसम्म जोडेर ५० प्रतिशतले मात्र निर्णय गर्ने प्रक्रिया सर्वथा संविधानको मर्म, भावना र लोकतान्त्रिक मूल्यविरुद्ध रहेको जनाएका छन् ।

लोकतन्त्र -संवैधानिक संस्थाहरूको निष्पक्षता, पारदर्शिता, स्वायत्तता र मूल्य पद्धतिबाट जीवन्त रहने उल्लेख गर्दै नेता केसीले जब सर्वसम्मतिको अपेक्षा गरिएको ठाउँमा सत्ताको प्रभावमा कास्टिङ्ग भोटसमेत ५० प्रतिशतको निर्णय थोपर्ने संस्कृति बस्छ, त्यसले संवैधानिक परिषद्को गरिमा मात्र होइन, समग्र लोकतन्त्रको विश्वसनीयता र निष्पक्षतालाई नै क्षति पुऱ्याउने उल्लेख गरेका छन् ।

# नेपाल लाइफले रक्तदान सँगै मनायो २५ औं वार्षिकोत्सव

**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, २२ बैशाख**




नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको २५ औँ वार्षिकोत्सवको अवसरमा जनकपुरधाम स्थित ऐतिहासिक जनक चौकमा रक्तदान कार्यक्रम आयोजना गरेका छन ।

स्वास्थ्यप्रति सचेतना अभिवृद्धि र जीवन बचाउने मानवीय अभियानलाई प्रोत्साहन गर्ने उद्देश्यसहित आयोजित उक्त कार्यक्रममा युवा, कम्पनीका कर्मचारी तथा सर्वसाधारणको सम्मानजनक सहभागिता रहेको थियो। कार्यक्रममा कुल २५ जना स्वेच्छिक रक्तदाताले रक्तदान गरेका छन् । कार्यक्रमको औपचारिक जानकारी दिँदै नेपाल लाइफ इन्स्योरेन्स जनकपुर शाखा प्रमुख संजय कुमार कामतले भने, रक्तदान जीवनदान हो, यसले आपतकालीन अवस्थामा धेरै जीवन बचाउन महत्वपूर्ण भूमिका खेल्छ।” उनले आगामी दिनहरूमा पनि स्वास्थ्य, जनचेतना तथा मानवीय सेवासम्बन्धी यस्ता कार्यक्रमलाई निरन्तर रूपमा अघि बढाइने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रमका क्रममा रक्तदाताहरूलाई धन्यवाद तथा सम्मान व्यक्त गरिएका थियो । सहभागीहरूले यस्ता कार्यक्रमले समाजमा सकारात्मक सन्देश प्रवाह गर्नुका साथै रक्तदानप्रति जनचेतना अभिवृद्धि गर्ने बताएका छन् ।

# नेपालको आर्थिक विरोधाभास

- नेपालमा पुँजीको लागत घटे पनि लगानी, उत्पादन र रोजगारीमा अपेक्षित वृद्धि देखिएको छैन । औद्योगिक विकासको आधार कमजोर हुँदा अर्थतन्त्र सेवा र उपभोगमा निर्भर बनेको छ, जसले दीर्घकालीन समृद्धिमा चुनौती थपेको छ । संस्थागत कमजोरी, नीतिगत अन्योल र श्रम निर्यातको दुश्चक्रले आर्थिक संरचनामा गम्भीर संकट निम्त्याएको छ, तर सूचना प्रविधि र ऊर्जा क्षेत्रमा देखिएको प्रगति आशाको किरण बनेको छ।

एउटा समय थियो, जब काठमाडौंका कर्पोरेट बैठकदेखि चियापसलसम्म एउटै स्वर प्रतिध्वनित हुन्थ्यो- 'पुँजीको लागत उच्च भयो, जसले उत्पादनको सामर्थ्यलाई थिच्यो । यदि ब्याजदर एकल अंकमा झर्ने हो भने नेपालमा लगानीको बाढी आउनेछ र अर्थतन्त्रले विकासको नूतन क्षितिज चुम्नेछ ।' निजी क्षेत्रको यो दाबी दशकौंसम्म नेपाली अर्थतन्त्रको मुख्य भाष्य बनिरह्यो । उनीहरूको तर्क थियो– पुँजीको उच्च लागत नै आर्थिक विकासको मुख्य बाधक हो । आज त्यो माग पूरा भएको छ । नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार (२०८२ फागुनसम्म) कर्जाको ब्याजदर ६.९० प्रतिशत बिन्दुमा झरेको छ । निक्षेपको भारित औसत ब्याजदर ३.४५ प्रतिशत तथा औसत अन्तरबैंक दर २.६८ प्रतिशतमा सीमित छ ।

बैंकिङ प्रणालीमा रु. ७७ खर्ब ४५ अर्ब निक्षेप रहँदा रु. ५७ खर्ब ४१ अर्ब मात्र कर्जा प्रवाह भएको छ । निजी क्षेत्रतर्फको कर्जा प्रवाह ६.७ प्रतिशत रहेको छ । यसबाट के पुष्टि हुन्छ भने पुँजीको प्रचुरता त छ तर आन्तरिक उत्पादन, माग र लगानीमा व्यापक सुस्तता देखिन्छ । उद्यमशीलता र साहसको अनिकाल देखिन्छ । उद्यमीहरू 'पर्ख र हेर' को अवस्थामा छन् ।

बजारको यो सन्नाटाको संकेत हो- नेपालको अर्थतन्त्र आज एक जटिल र बहुआयामिक संरचनागत पासोमा जेलिएको छ । अर्थशास्त्रीय भाषामा यसलाई तरलताको पासो भनिए पनि यो केवल मौद्रिक क्षेत्रको समस्या मात्र होइन । यो त सम्पूर्ण आर्थिक पारिस्थितिकीय प्रणालीको संरचनात्मक र प्रणालीगत संकट हो । यस आलोकमा प्रस्तुत लेखमा नेपालको अर्थतन्त्रले सामना गरिरहेका संरचनात्मक चुनौतीहरूको विश्लेषण र लुकेका अवसरको खोजी गर्ने प्रयत्न गरिएको छ । विश्वासको संकट : नीतिगत अन्योल- नेपालको विद्यमान मौद्रिक तरलताको पासोले एउटा कठोर यथार्थलाई उजागर गरेको छ– आर्थिक विकासको कथा केवल पुँजी परिचालनमा सीमित हुँदैन, यो त राज्यका संयन्त्रहरूप्रति लगानीकर्ताको अविचल विश्वास र राज्यद्वारा लगानी संरक्षणको असन्दिग्ध प्रत्याभूतिमा आधारित रहन्छ । आर्थिक विकासको सरल चक्र– पुँजी, लगानी, रोजगारी र उत्पादन– जस्ता परम्परागत व्याख्याहरू परिवर्तित सन्दर्भमा निष्प्रभावी सावित भएका छन् ।

वास्तवमा, नेपालमा लगानीको समस्या अर्थशास्त्रको प्राविधिक गणितभन्दा बढी अर्थ-राजनीतिक पारिस्थितिकीय प्रणालीको जटिल मुद्दा बनेको छ । अर्थतन्त्रका बहुआयामिक समस्यालाई कुनै एकल कारक सिद्धान्तका आधारमा निदान गर्न



असम्भवप्रायः छ । अक्सफोर्ड विश्वविद्यालयका प्राध्यापक मुस्ताक खानको राजनीतिक विन्यास (पोलिटिकल सेटलमेन्ट) को सिद्धान्तले यसै वस्तुगत यथार्थलाई पुष्टि गर्छ । उनको तर्क छ– कुनै पनि मुलुकको आर्थिक प्रगति त्यहाँका शक्तिशाली समूहबीचको वास्तविक शक्ति सन्तुलन र लाभको वितरणको यथार्थमा निर्भर हुन्छ ।

जबसम्म कानुन, नीति र कर्मचारीतन्त्र जस्ता राज्यका औपचारिक संस्थाहरू र समाजको वास्तविक शक्ति संरचनाबीच सामञ्जस्य हुँदैन, तबसम्मका नीतिगत सुधार केवल कागजी मनोरथमा सीमित रहन्छन् । आज नेपालमा लगानीका क्षेत्रमा देखिएका समस्याहरूको मूल कारण राज्य संयन्त्रका विभिन्न संस्थाहरूबीचको शक्तिको असन्तुलन नै हो । लगानीकर्ताको प्राथमिक चिन्ता पुँजीको लागतभन्दा बढी लगानीको सुरक्षा र नीतिगत निरन्तरतामा केन्द्रित हुन्छ । तर राज्यका संस्थाहरूले औद्योगिक लगानीलाई उत्पादक शक्तिमा रूपान्तरण गर्नुको सट्टा दोहनको माध्यम मात्र बनाइरहेका छन् । राज्यका संस्थाहरूप्रति लगानीकर्ताको विश्वासको आधारस्तम्भ कमजोर भएको छ, फलस्वरूप लगानीका चक्रहरू स्वस्फूर्त चलायमान हुन सकेनन् । पुँजीको प्रचुरतालाई उत्पादनशील क्षेत्रमा आकर्षित गर्न राज्यले लगानीकर्तालाई केवल लगानी संरक्षणको कागजी आश्वासन दिएर पुग्दैन । लगानीको सुरक्षा र प्रतिफलको विश्वसनीय प्रत्याभूति दिनु अनिवार्य छ । यो प्रत्याभूति नै मृतप्रायः रहेको लगानीको परिवेशमा पुनः प्राण-सञ्चार गर्ने सञ्जीवनी हुन सक्छ । अपरिपक्व वि-औद्योगिकीकरणको पासो- नेपालको आर्थिक पारिस्थितिकीय प्रणालीको अर्को संरचनात्मक विडम्बना औद्योगिक विकासको परिपक्वता व्यतीत नगरी कृषिबाट उत्तर औद्योगिक सेवामूलक अर्थतन्त्रमा छलाङ मार्नु हो । ऐतिहासिक रूपमा सफल मानिएका भियतनाम र बंगलादेश जस्ता उदीयमान अर्थतन्त्रहरूले कृषिबाट विस्थापित जनशक्तिलाई सिधै सेवा क्षेत्रमा होइन, उत्पादनमूलक उद्योगको सिँढीमार्फत आर्थिक रूपान्तरण गराए । परिणामतः आज भियतनामको कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक क्षेत्रको योगदान करिब २४ प्रतिशत र बंगलादेशको झन्डै २२ प्रतिशत पुगिसकेको छ । छिमेकी राष्ट्र भारतले समेत यसलाई १४ प्रतिशतभन्दा माथि पुर्‍याउँदै औद्योगिक आधारलाई सुदृढ तुल्याइरहेको छ ।

तर हामीले औद्योगिक विकासको महत्त्वपूर्ण खुड्किलो गुमाएका छौं । कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको हिस्सा १२.९ प्रतिशत देखिए पनि त्यसभित्रको वास्तविक मेरुदण्ड मानिने शुद्ध उत्पादनमूलक क्षेत्रको हिस्सा केवल ४.४ प्रतिशतमा संकुचित छ । सेवा क्षेत्रको हिस्सा करिब ६२ प्रतिशत पुगेको छ । यसले के पुष्टि गर्छ भने अर्थतन्त्रको बलियो खम्बा मानिने उद्योगको आधारशीला निर्माण नगरी सेवा क्षेत्रमा हाम फाल्दा पुँजीलाई उत्पादनको साधनका रूपमा सोस्न सक्ने आन्तरिक इन्जिन नै विकसित हुन पाएन । उद्योगको अंश यसरी न्यून बिन्दुमा झर्नु भनेको अदक्ष र अर्धदक्ष श्रमिकका लागि स्वदेशमा रोजगारीको ढोका अवरुद्ध हुनु हो । प्रख्यात अर्थशास्त्री दानी रोड्रिकले यस्तो अवस्थालाई अपरिपक्व वि-औद्योगिकीकरण (प्रिम्याचुअर डी-इन्डस्ट्रियलाइजेसन) उपमा दिएका छन् । उनको तर्क छ- कुनै पनि अर्थतन्त्रले पर्याप्त औद्योगिकीकरणबिना सेवा क्षेत्रमा फड्को मार्दा दीर्घकालीन आर्थिक वृद्धिको आधारभूत सामर्थ्य नै गुमाउन पुग्छ । वास्तवमा, औद्योगिक क्षेत्रको विकास दिगो र समावेशी अर्थतन्त्रको मेरुदण्ड मात्र होइन, पुँजीलाई दीर्घकालीन उत्पादनमा रूपान्तरण गर्ने मुख्य आधार पनि हो । अर्थशास्त्री निकोलस कालडोरको दाबी छ कि उद्योग आर्थिक वृद्धिको इन्जिन हो । औद्योगिक विकासले नै श्रमशक्तिको ठूलो हिस्सालाई उत्पादकत्वको सिँढी प्रदान गर्छ ।

सांभार : कान्तिपुर ।


## बिमालेख हरायो

घरबाट बाहिर जाने क्रममा तपसिल बमोजिमको बिमालेख हराएको हुँदा एल.आई.सि. नेपाल को कुनैपनि शाखा कार्यालयमा बुझाई दिनुहुन अनुरोध गरिन्छ ।

**तपसिल**

**नाम :** ANSARUL HAQ RAEEN

बिमालेख नम्बरः 251323103



## बिमालेख हरायो

घरबाट बाहिर जाने क्रममा तपसिल बमोजिमको बिमालेख हराएको हुँदा एल.आई.सि. नेपाल को कुनैपनि शाखा कार्यालयमा बुझाई दिनुहुन अनुरोध गरिन्छ ।

**तपसिल**

**नाम :** SHAHANASH KHATUN

बिमालेख नम्बरः 251319895






**"पत्र-पत्रिकाहरुको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"**



सम्पर्क –: दिलीप कुमार साह :–

मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)

एकचोटी सेवाको मौका अवश्य दिनुहोला



प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम

प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७

Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday